घ) नगर क्षेत्रभित्र साहित्य, कला र सङ्गीत क्षेत्रमा क्रियाशील संघ संस्थाहरु मध्येबाट प्रतिनिधित्व हुने गरी नगर कार्यपालिकाले तोकेको ३ जना व्यक्ति सदस्य

ङ) नगर कार्यपालिकाले तोकेको सम्बन्धित विषयगत शाखा प्रमुख सदस्य सचिव

२. दफा ६ को उपदफा (१) बमोजिमको पदाधिकारी तथा सदस्यहरुको मनोनयन नगर कार्यपालिकाले समावेशी सिद्धान्तका आधारमा गर्नेछ ।

**४. सल्लाहकार समितिको गठन :**

-नगर क्षेत्रको साहित्य ललितकला, भाषा, संगीत र संस्कृतिको संरक्षण प्रवर्द्धनका लागि राष्ट्रिय स्तरका ख्यातिप्राप्त स्रष्टाहरुसमेत रहने गरी सल्लाहकार समिति गठन गर्न सकिनेछ । आवश्यकता अनुसार राष्ट्रिय स्तरका प्रतिष्ठान र व्यक्तिहरुसँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

**५. पदावधि :** दफा ६ को उपदफा(१) बमोजिम गठन भएको प्रतिष्ठानको पदाधिकारी तथा सदस्यको पदावधि गठन भएको मितिले ४ बर्ष हुनेछ ।

**६. राजीनामा :** अध्यक्षले कुनै कारणवश आफ्नो पदबाट राजिनामा दिन चाहेमा नगर प्रमुख समक्ष र अन्य सदस्यले अध्यक्ष समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

**७. पद रिक्त हुने अवस्था :** (१) दफा ६को उपदफा (१) बमोजिम गठन भएको प्रतिष्ठानको पदाधिकारी तथा सदस्यहरुको देहायको अवस्थामा पद रिक्त भएको मानिनेछ :

क) कुनै पदाधिकारी तथा सदस्यले पदावधि रहँदै राजिनामा दिएमा,

ख) अन्य कुनै कारणले राजिनामा दिएमा ।

ग) फौजदारी अभियोगमा सजाय पाएमा ।

घ) स्यायी तवरले बसाई सरी नगरपालिका क्षेत्र बाहिर गएमा ।



रोल्पा नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

लिबाङ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ मिति : २०७८/०७/११

## रोल्पा नगरपालिका

## नगर साहित्य, कला तथा सङ्गीत प्रतिष्ठान सञ्चालन कार्यविधि २०७८

प्रस्तावना :

रोल्पा नगरपालिका क्षेत्रभित्रको साहित्य, कला, संगीत तथा संस्कृतिको गौरवपूर्ण इतिहासलाई संरक्षण, सम्वर्द्धन र विकास गर्दै यस नगर क्षेत्रमा क्रियाशील स्रष्टाहरुको मौलिक सिर्जना तथा प्रतिभाको प्रस्फूटन गर्ने उद्देश्यले "नगर साहित्य, कला तथा सङ्गीत प्रतिष्ठान" स्थापना र सञ्चालन गर्न

वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग  गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-२
## प्रारम्भिक :

**१. सक्षिप्त नाम र प्रारम्भ** : (१) रोल्पा नगरपालिका **"नगर साहित्य, कला तथा सङ्गीत प्रतिष्ठान र सञ्चालन कार्यविधि २०७६"** रहेको छ ।
(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हनेछ ।
**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
क) **नगरपालिका** : भन्नाले **रोल्पा नगरपालिकालाई** सम्झनु पर्नेछ ।
ख) **कार्यपालिका** : भन्नाले रोल्पा **नगर कार्यपालिकालाई** सम्झनुपर्नेछ ।
ग) **वडा समिति** : भन्नाले **रोल्पा नगरपालिकाको वडा समितिलाई** सम्झनु पर्नेछ ।
घ) **प्रमुख** : भन्नाले रोल्पा नगरपालिकाको **नगर प्रमुख** सम्झनुपर्नेछ ।
ङ) **उप प्रमुख** : भन्नाले रोल्पा नगरपालिकाको **नगर उपप्रमुख** सम्झनु पर्नेछ ।
च) **वडा अध्यक्ष** :भन्नाले रोल्पा नगरपालिकाको **वडाको वडा अध्यक्षलाई** सम्झनु पर्नेछ ।
छ) **प्रमुख प्रशासकीय अधिकृत** : भन्नाले रोल्पा नगरपालिकाको **प्रमुख प्रशासकीय अधिकृतलाई** सम्झनुपर्नेछ ।
ज) **सभा वा नगर सभा** : भन्नाले रोल्पा नगरपालिकाको नगर सभालाई सम्झनुपर्नेछ ।



झ) **प्रतिष्ठान** : भन्नाले रोल्पा नगरपालिका अन्तर्गत **गठीत नगर साहित्य, कला तथा सङ्गीत प्रतिष्ठानलाई** सम्झनुपर्नेछ ।
ञ) **अध्यक्ष** : भन्नाले **प्रतिष्ठानको अध्यक्षलाई** सम्झनुपर्नेछ ।
ट) **सदस्य** : भन्नाले  **प्रतिष्ठानको सदस्यलाई** सम्झनुपर्नेछ ।
ठ) **सदस्य सचिव** : भन्नाले **प्रतिष्ठानको सदस्य सचिवलाई** सम्झनुपर्नेछ ।

## परिच्छेद २
## प्रतिष्ठान स्थापना संरक्षक र गठन पदावधि योग्यता, राजिनामा पुन पदपूर्ति तथा पदपूर्ति तथा फिर्ता बोलाउने :

**३. प्रतिष्ठानको स्थापना** : (१) रोल्पा नगरपालिका क्षेत्रको साहित्य, कला, सङ्गीत र संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्न नगर कार्यपालिले **"नगर साहित्य, कला, तथा सङ्गीत प्रतिष्ठान"** को स्थापना गर्नेछ ।
नगर प्रमुख प्रतिष्ठानको संरक्षक हुनेछ ।
**४. प्रतिष्ठानको गठन** : (१)दफा ३ बमोजिम स्थापना भएको प्रतिष्ठानको गठन दफा १२ बमोजिम योग्यता भएका सम्बन्धित क्षेत्रमा ख्याति प्राप्त जागरुक र क्रियाशिल व्यक्तिहरु मध्येहरुबाट देहाय बमोमिज हुनेछ :
क) कला, साहित्य संगीत क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरु मध्ये बाट नगर कार्यपालिकाको सिफारिसमा तोकेको व्यक्ति : **अध्यक्ष**
ख) सामाजिक विकास समितिको संयोजक सदस्य :
ग) नगर क्षेत्रभित्र साहित्य ललित कला तथा संगीत क्षेत्रमा ख्याति प्राप्त जागरुक र क्रियाशिल व्यक्तिहरु मध्येबाट नगर कार्यपालिकाको सिफारिसमा नगर प्रमुखले तोकेको ३ जनाव्यक्ति : **सदस्य**

च) नगरपालिका तथा नगर प्रमुखसँग सम्पर्क समन्वय गर्ने ।
छ) प्रतिष्ठानको कोषको खाता सदस्य सचिवसँग संचालन गर्ने
ज) आय-व्ययको श्रेष्ता दुरुस्त राख्न लगाउने ।
झ) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने
ञ) पदाधिकारी तथा सदस्यहरुको राजीनामा स्वीकृत गर्ने ।
ट) प्रतिष्ठानले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**१३) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

१. प्रतिष्ठानको प्रशासकीय प्रमुखको हैसियतमा काम गर्ने ।
२. अध्यक्षको परामर्शमा प्रतिष्ठानको बैठक बोलाउने ।
३. बैठकको निर्णय उतार गरी अध्यक्षलाई प्रमाणित गराई बैठक पुस्तिका सुरक्षित राख्ने, राख्न लगाउने ।
४. कर्मचारीको रेखदेख, नियन्त्रण निर्देशन गर्ने ।
५. प्रतिष्ठानको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने गराउने,
६. प्रतिष्ठान तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।
७. प्रतिष्ठानको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने गराउने ।
८. प्रतिष्ठानको कोष संचालन गर्ने
९. प्रतिष्ठानको नामा रहेको बैंक खाता अध्यक्षसँग संयुक्त रुपमा संचालन गर्ने
१०. कानून बमोजिम आर्थिक कारोबारको श्रेष्ता राख्न लगाउने ।
११. नगरपालिकाले तोकेको लेखापरीक्षकद्वारा लेखापरिक्षण गराउने र प्राप्त भएका बेरुजु फछ्यौट गर्ने गराउने ।

**१४. सदस्यको काम, कर्तव्य र अधिकार :**

क. अध्यक्ष तथा प्रतिष्ठानलाई सहयोग गर्ने ।
ख. बैठकमा सहभागी भै आफ्नो मत व्यक्ति गर्ने



ङ) पदीय दायित्व सन्तोषजनक ढङ्गले बहन नगरी नगर कार्यपालिकाले पदबाट फिर्ता बोलाईएमा ।
च) निजको पदावधि समाप्त भएमा ।
छ) निजको मृत्यु भएमा ।

**८. पुनः पदपूर्ति सम्बन्धि व्यवस्था :** (१) दफा ९ बमोजिमका कारणले प्रतिष्ठानको पद रिक्त भएमा वा अन्य कारले प्रतिष्ठानको पद रिक्त भई बाँकी पदावधि २ बर्ष भन्दा बढी भएमा नगर कार्यपालिकाले दफा १२ बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट नगर कार्यपालिकाले प्रतिष्ठानको रिक्त पदमा मनोनयन गर्न सक्नेछ ।

९. फिर्ता बोलाउन सक्ने : प्रतिष्ठानमा मनोनयन भएका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोष जनक नभएको नगर कार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी तथा सदस्यलाई नगर कार्यपालिकाले आफ्नो पदबाट फिर्ता बोलाउन सक्नेछ ।

१०. प्रतिष्ठानको पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :

क) २१ बर्ष उमेर पुगेको नेपाली नागरिक
ख) प्रतिष्ठानको कार्य बारे पर्याप्त जानकारी भई योगदान पुऱ्याउन सक्ने व्यक्ति,
ग) साहित्य, कला, सङ्गीत तथा सँस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति,
घ) नगरपालिकाको नागरिक/नगरपालिका भित्र स्थायी बसोबास गरी योगदान पुऱ्याउने व्यक्ति
ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति
च) मानसिक सन्तुलन ठीक भएको व्यक्ति

छ) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति
ज) अन्य कुनै प्रचलित कानूनले अयोग्य नठहराएको व्यक्ति

## परिच्छेद -३
## प्रतिष्ठानको काम, कर्तव्य, र अधिकार, पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार

११. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) साहित्य, कला, सङ्गीत तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने ।
ख) विभिन्न जातजाति, भाषाभाषीहरुको साहित्य कला संङ्गीत संरक्षण सम्वर्द्धन र विकास गर्ने ।
ग) नगर प्रमुख, नगर उप प्रमुख, वडा अध्यक्ष, वडा समितिसँग राय परामर्श लिई साहित्य, कला, सङ्गीत तथा संस्कृति सम्बन्धी बार्षिक कार्ययोजना तयार गरी नगर सभाको बैठक अगाडि नगर कार्यपालिका समक्ष पेश गर्ने ।
घ) साहित्य, कला, सङ्गीत तथा संस्कृतिको क्षेत्रमा नगरपालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गरी काम गर्ने ।
ङ) साहित्य, कला, संङ्गीत तथा संस्कृतिको क्षेत्रमा नगरपालिकाले स्वीकृत गरेका कार्यक्रमहरु संचालन गर्ने ।
च) साहित्य, कला, संङ्गीत सम्बन्धि विभिन्न दिवस, समारोह जयन्ती लगायतका कार्यक्रमहरु आयोजना गर्ने ।
छ) साहित्य, कला, संङ्गीत सम्बन्धि रचनात्मक कार्यक्रमहरु आयोजना गर्ने साथै अन्य संघ-संस्थाहरुले आयोजना गरेका कार्यक्रमहरुलाई सहयोग गर्ने ।
ज) प्रतिष्ठानले बार्षिक रुपमा कृति तथा गीत, एल्बम लगायतका रचनात्मक कृतिहरु प्रकाशित गर्ने ।



झ) साहित्य, कला संङ्गीत र संस्कृतिको क्षेत्रमा क्रियाशिल व्यक्तिहरुलाई सम्मान र पुरस्कारका लागि सिफारिस गर्ने ।
ञ) चाडपर्व, मेला, महोत्सव जात्रा तथा अन्य साँस्कृतिक पर्वहरुको आयोजना गर्ने, गराउने ।
ट) साहित्य, कला, सङ्गीत  र संस्कृति सम्बन्धि तालिम, प्रशिक्षण, कार्यशाला, विचार विमर्श गोष्ठी कार्यक्रमको आयोजना गर्ने गराउने ।
ठ) साहित्य, कला, सङ्गीत र संस्कृति सम्बन्धि अध्ययन, अनुसन्धान गर्ने गराउने र प्रकाशन गर्ने ।
ड) पुस्तकालय, वाचनालय तथा प्रशिक्षण केन्द्रहरु स्थापना र संचालन गर्ने गराउने ।
ढ) स्मारक, पार्क, लगायतका भौतिक निर्माणको लागि नगरपालिका समक्ष आवश्यक सुझाव पेश गर्ने र निर्माण कार्यमा सहयोग गर्ने ।
ण) स्थानीय लोक साहित्यको संरक्षण सम्वर्द्धन र विकास गर्ने ।
त) तोकिएको बमोजिम अन्य कामहरु गर्ने गराउने ।
ठ) नगरपालिकाले प्रतिष्ठानसँग समन्वय, सहकारी गरी  कला, साहित्य, भाषा प्रवर्द्धनका कार्य गर्न सक्नेछ । सो वापत अनुरुप उपलब्ध गराए र प्रदेश तथा संघीय सरकारसँग सहकार्य गर्न सक्नेछ ।

**१२. प्रतिष्ठानको पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) प्रतिष्ठानको नेतृत्व गर्ने ।
ख) प्रतिष्ठानको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै बिषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भए निर्णायक मत दिने ।
ग) सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन दिने ।
घ) बैठकमा आयोजना तथा प्रस्ताव पेश गर्ने ।
ङ) बैठकको निर्णय प्रमाणित गर्न बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने

ग. प्रतिष्ठान तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

बैठक, गण पुरक संख्या प्रतिष्ठानको कोष संचालन प्रणाली

**१५. प्रतिष्ठानको बैठक देहाय बमोजिम संचालन गरिनेछ :**

क) प्रतिष्ठानको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) बैठकको गणपुरक संख्या पुग्न एकाउन्न प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।

ग) गणपुरक संख्या नपुगी स्थगीत भएको बैठक एकदिन पछि बस्नेछ । सो बैठकमा उपस्थित संस्था नै गणपुरक संख्या पुगेको मानिनेछ ।

घ) बैठकमा अध्यक्षले प्रस्ताव गरेको विषयमा मात्र छलफल र निर्णय हुने छ ।

ङ) बैठकमा कुनै सदस्यले प्रस्ताव पेश गर्नुपर्दा अध्यक्षले स्वकृती दिएपछि मात्र पेश गर्न सकिनेछ ।

च) बैठकमा निर्णय सकभर सर्वसहमतिबाट गरिनेछ । यदि सर्वसहमतिबाट निर्णय हुन नसके बहुमतबाट निर्णय गरिनेछ ।

छ) प्रतिष्ठानको बैठक अध्यक्षले निर्धारण गरेको मिति समय र स्थानमा मात्र बस्नुपर्नेछ ।

**१६. प्रतिष्ठानको आय व्यय संचालन गर्न देहाय बमोजिम कोष र संचालन प्रणाली हुनेछ :**

क) प्रतिष्ठानको लागि प्राप्त हुने सम्पूर्ण रकम प्रतिष्ठानको नाममा रहेको बैंक खातामा जम्मा गरेर मात्र खर्च गरिनेछ ।

ख) प्रतिष्ठानको कोषमा देहाय बमोजिम रकम प्राप्त हुनेछ ।

१.नगरपालिले बार्षिक बजेटको रुपमा उपलब्ध गरउाने रकम ।

२. दान, दातव्य, अनुदान सहयोगबाट प्राप्त हुने रकम

३. प्रकाशन विक्रिबाट प्राप्त हुने रकम

४. सेवा संचालनबाट प्राप्त हुने रकम

५. अन्य रकम

१७. कोषको संचालन प्रचलित लेखा प्रणालीबाट गर्नुपर्नेछ ।
१८. प्रतिष्ठानको आर्थिक बर्ष नगरपालिकाको आर्थिक वर्ष सरह हुनेछ ।
१९. प्रतिष्ठानको कोष संचालनको लागि विकास वा वाणिज्य बैंकमा खाता खोली अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।
२०. आर्थिक बर्ष समाप्त भएको दुएं महिनाभित्र नगरपालिकाले तोकेको लेखापरिक्षकबाट लेखापरीक्षण गराई नगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद ५

## कार्यालय, कर्मचारि व्यवस्था छाप

१. प्रतिष्ठानको बेग्लै कार्यालय रहनेछ ।
२. प्रतिष्ठानको कार्यालय नगरपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ ।
३. प्रतिष्ठानलाई आवश्यक पर्ने कर्मचारी व्यवस्था नगरपालिकाले गर्नेछ र कर्मचारीको आर्थिक दायित्व समेत नगरपालिकाले बहन नर्गेछ ।
४.कर्मचारी तथा अन्य आवश्यकता बारे प्रतिष्ठानले नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।
५. प्रतिष्ठानको बेग्लै छाप, लेटरप्याड, साइनबोर्ड हुनेछ ।
६. प्रतिष्ठानको छाप, लेटरप्याड, र साइनबोर्ड प्रतिष्ठान गठन भएपछि प्रतिष्ठानको पहिलो बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -६

## विविध :

संसोधन : १ प्रतिष्ठानको सञ्चालन कार्यविधि संशोधन गर्न आवश्यक भउमा प्रतिष्ठानले तयार गरी नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।



२. दफा १ बमोजिमको प्रस्ताव उपर्युक्त लागेमा नगर प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत भएमा मात्र संचालन कार्यविधी संशोधन भई कार्यान्वयन हुनेछ ।
३. कुनै विषय अस्पष्टता भए विवाद भई निरुपन हुन नसके सो बिषयमा नगर कार्यपालिकाले गरेको निणर्य अन्तिम हुनेछ ।
**२१. बचाऊ तथा खारेजी** : रोल्पा नगरपालिका नगर साहित्य, कला, सङ्गीत प्रतिष्ठान संचालन कार्यविधी नेपालको संविधान तथा प्रचलित कानूनँसग बाँझिएमा बाँझिएको हद सम्म बदर भागी हुनेछ ।
**२२. सपथः** प्रतिष्ठानको पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ-आफ्नो पदभार सम्हाल्नुअघि अध्यक्षले नगर प्रमुख समक्ष र अन्य पदाधिकारी तथा सदस्यहरुले अध्यक्षबाट तोकिए बमोमिज सपथ लिनुपर्नेछ ।

**आज्ञाले**
**महेन्द्र पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**

रोल्पा नगरपालिकाद्वारा प्रकाशित मूल्य रु. २०/-